श्री ५ महेन्द्र जयन्ती

तथा

संबिधान दि्वसको उपलक्षमा

सांस्कृतिक संस्थानद्धारा

प्रस्तुत हुने

# "मुटुको व्यथा"

(गीतिनाट्य)

—कार्यक्रम—

राष्ट्रिय नाचघर

२०२६, पौष १

सांस्कृतिक जागरणमै राष्ट्रिय
सभ्यताको विकास हुन्छ ।

स्व० श्री ५ महेन्द्र

# मुटुको व्यथा

(गीतिनाट्य)

---

पात्रहरू:—

| | |
|---|---|
| श्री गोपीनाथ अर्याल | सुश्री विमला श्रेष्ठ |
| श्री रविशाह | सुश्री भुवन थापा |
| श्री कोकिल गुरूङ् | श्रीमती सरिता श्रेष्ठ |
| श्री गौतम रत्न तुलाधर | श्रीमती सुभद्रा अधिकारी |
| श्री सिद्धान्तराम जोशी | श्रीमती कृष्णा प्रधान |
| श्री मदन लामा | सुश्री रामकेशरी |
| श्री केशव राजभण्डारी | श्रीमती मन्देश्वरी |
| श्री दामोदर वैद्य | सुश्री आशा शाही |
| नविन किशोर राई | |
| राम शरण नेपाली | |
| श्री दिनेश 'आंसू' | |
| श्री लाल बहादुर | |
| श्री उद्धव शर्मा | |

पृष्ठ गायक, गायिका:—

| | |
|---|---|
| श्री नारायणगोपाल | श्रीमती कमला श्रेष्ठ |
| श्री प्रेमध्वज | श्रीमती तारा देवी |
| श्री गणेश रसिक | श्रीमती गंगा राणा |

श्री नवीन किशोर
श्री विजय राज पन्त
श्री श्याम बहादुर थापा
श्री सुमन कुमार नेपाली
श्री कमल प्रसाद

वाद्य वादकहरू:–

श्री एम. एस. बैजु (भ्वाईलेन)
श्री राजभक्त (भ्वाईलेन)
श्री कृष्ण परियार (भ्वाईलेन)
श्री गणेश परियार (भ्वाईलेन)
श्री पूर्ण प्रसाद (मादल)
श्री नवीन किशोर (गितार)
श्री विष्णु दर्नाल (बांसुरी)
श्री शंकर बैजु (क्लारिओनीट)
श्री राम प्रसाद बैजु (स्याक्सोफोन)
श्री नारायण प्रसाद शर्मा (मादल, ढोलक, तबला)
श्री न्हुछे मान (मादल)
श्री विश्वनाथ (जाज)
श्री मोहन कृष्ण (भ्वाईलेन)
श्री बद्री प्रसाद (वेसपीटल)
श्री धीर्ज लाल (मादल)
श्री रामशरण नेपाली (सारंगी)
श्री लाल बहादुर (सारंगी)
श्री आर. एस. दर्नाल (पीयानोएकर्डियन)

रेकर्डिङ् तथा एडिटिङ्:– श्री प्रयाग मान बैद्य
सहयोगी— श्री शिव प्रसाद
श्री श्याम प्रसाद मानन्धर



रंगमञ्च सहयोगी:– श्री नील बाबु
श्री गोपाल क्षत्री
श्री काजि बहादुर
श्री लक्ष्मी नारायण

प्रकाश:– श्री श्याम प्रसाद
सहयोगी:– श्री शिव प्रसाद
श्री जगत बहादुर
श्री उद्धव शर्मा
श्री पद्‌म प्रसाद

शृङ्गार:–

श्री कृष्णरत्न कंसाकार

भेषभूषा:–

श्री नरेन्द्र बहादुर
श्री रामचन्द्र
श्रीमती नाती मैयाँ
श्रीमती कमला

उद्‌घोषक:–

श्री सिद्धान्तराम जोशी

संगीत निर्देशक:–

श्री चन्द्रराज शर्मा
श्री सुमन कुमार नेपाली
श्री गणेश प्रसाद श्रेष्ठ

श्री श्याम बहादुर थापा
श्री कमल प्रसाद चत्री

स्वर लिपिकार:—

श्री आर. एस. दर्नाल

गीतिनाट्य निर्देशक:—

श्री कोकिल गुरुङ्
श्री बिमला श्रेष्ठ
श्री भीम बहादुर गुरुङ्

लेखक
श्री लक्ष्मण लोहनी



## युद्धको व्यथा

यो प्राणभन्दा मलाइ मेरो देशको माया छ
आफ्नै जाति भेष भाषा देशको माया छ
सगरसंग सिगौरी खेल्ने जुन देशमा हिमाल छ
बुद्ध र शिव जन्मेको बाटो धरतीमा विशाल छ
यो देश जस्तो सुन्दर देश विश्वमा कहाँ छ ?
यो प्राण भन्दा मलाई मेरो देशको माया छ ।

२

लौन अति भो हजूर लौन अति भो
रक्ष गर साभा राजा आफ्ना रैतीको
बाद बादको सम्बादले देशको बरबाद भो
भण्डा बोकने नेताहरूले उहि चुटी लाए
कानमा ढुंग्री लुछी लगे खोरमा भाले खाए
सुक्ख आउंछ भन्थे सबै उल्टो दुःख पाए

३

अन्तिम जिम्मा मेरै हो
मेरा रैती र देशको
अब पनि मैले कदम नचाले
देश खतरामा पर्ने भो ।
लादिएको प्रजातन्त्र देशलाइ फापेन
बाद बादको अन्त नभै शान्ति हुंदैन
छरिएको शक्तिलाई अब एक पारेर
उन्नतिमा सबैलाइ अघि सारेर
एकताको गीत नगाइ हुँदै हुँदैन
एउटा गीत एकै स्वरमा नगाइ भएन ।

४

खबरदार खबरदार
भाग भाग देशबाट
अत्याचार व्यभिचार भ्रष्टाचार

५

रातको दैलो खोलेर बिहानीले चिहायो
नेपालीको घर घरमा लौ हेर पञ्चायत सुहायो
पञ्चायत सुहायो
आफ्नै त हावापानीमा
आफ्नै त देशको माटोमा
फल्ने र फूल्ने मागीने
राजाले पञ्चायत लेरायो
लौ हेर दुःखीको दिन आयो ।



६

देश सबैको साझा हो
देश सबैको साझा हो
देश नभैकन हामी हुन्नौ मनमा राखौँ ताजा यो
एकै मुखले बोल सबैले देश सबैको साझा हो
धन दौलतमा निफरछौं रे आंटमा हाम्लाइ जित्दछ को ?
देश सबैको साझा हो

७

अब एक बनौ अब एक बनौ
हामी मिलेर केहि गरौं
आफ्नो देश र जातिको लागी
शुभ कर्म गरेर मरौं
एकै लक्ष र एकै आसा
एकै स्वरले गीत भिकौं
सबै मिलेर बाचौं हाँसी
सबको लागि केही गरौं
हामी बिहानी घाम बनौं
नभका तारा जून बनौं
मान्छे भैकन मान्छेको लागि
केही गरेर मरौं

८

हामी सबको आदर गर्छौं
मित्रहरूको स्वागत गर्छौं

जूनले जस्तै धरती भरिनै
समता ममता छर्छौं
सानोलाई निम्फर ठानी हामी कहिले हेप्दैनौं
ठूलोलाई बलियो मानी हामी कहिले झुक्दैनौं

९

धरती भित्र लहर चले बढ्छ हिमाल
गाउँ गाउँ उठे मात्र उठ्छ नेपाल
लेक व्यासी बस्ती बस्ती सहर बसाल
पाखा पर्ति सृजनाको मूल फुटाल
मिलका धूवा सगरमा अविरल फाल
देउ चुली र बर चुलीलाइ पार विशाल

१०

ए गाउँ गाउँ लाग्छ मलाइ देउडा जुहारी
बजाउँ बजाउँ लाग्छ मलाइ टुँगना खैजडी
आफ्नो देश ठूलो लाग्छ आफ्नै ठूलो जाती
जोगाउंछु जगाउंछु आफ्नो संस्कृति

११

बाल बूढा तन्नेरीले किन भूलेको
फुर्सतमा अगेनीमा कोर धुलेटो
राडी बुन गुन्द्री बुन थुन्चे बुनरे
सबै मिली पौरख गर देश बन्छ रे



किसानको लागि आयो भूमिसुधार
वढी बाली उब्जाएर भुंडी सुधार
माति दाने पसिनाले धरती भिजाइ देउ
आफ्नै श्रमले तन्नेरी हो देश उठाइ देउ

१२

मैले मेरो देशको लागि गर्न बांकी छ
पाखुरीमा शक्ति छ
छाती भरी भक्ति छ
डगर बगर उन्नतिको लहर ल्याउनु छ
सृजनाको मूल फुटाइ रम्न बांकी छ
अझै भोक रोगसंग लड्न बांकी छ
विकासको दैलो खोल्ने रहर बांकी छ ।

१३

हाम्रो राजा हाम्रो देश
हाम्रो भाषा हाम्रो भेष
मेची र काली एन्काई
विकासको गीत गाउंछौं
हातमा ठेला पारेर
पसिना चोखो बगाउंछौं
राजा र देशको लागीमा
प्राणको बाजी लगाउंछौं
पञ्चायतका पञ्च हौ
पञ्चायतलाइ फलाउंछौं ।

१४

के भो के भो मेरो मुटुमा के भो
सपना मेरो पूरा नहुंदै मुटुमा मेरो के भो

१५

म मरे पनि मलाइ मेरो देशको माया छ
यो छाती भरी मुरीका मुरी नेपालको माया छ
म खेलें जहां म हुर्के जहाँ त्यै आगन प्यारो छ
यो छातिभित्र लुकेर आउने माया नै माया छ
सेरो र फेरो यो माटो मेरो पूर्खाको माया छ
कठैनी मेरो भोका र नाङ्गा रैतीको माया छ
जहाँ म जाउँ नेपाली हुं म नेपालको माया छ
धरतीमा मेरो भन्ने नै यै छ यसैको माया छ

१६

अब राजा महेन्द्र छैनन्
टुहुरो पारि सबलाई छोडे
अब उनि फेरि बोल्दैनन्
हाम्रो सामु यस धरतीमा
राजा महेन्द्र छैनन् ॥ अब राजा
वाणी पुत्रका कलमका टुप्पा कविराजा अब छैनन
कण्ठ शिल्पिका स्वरका लहरी राजा महेन्द्र छैनन्
हाम्रो मुटुको न्यानो माया मुटुको ढुकढुकी छैनन्
कोटी जनमनका नेता देख्ने आँखा छैनन् ॥
अब राजा महेन्द्र छैनन्
बुद्धका भाई रामका मित्र राजा महेन्द्र छैनन्
हाम्रो सामु यस धरतीमा कविराजा अब छैनन्
दुई आँखाका हाम्रो आँशुमाया ममता छैनन्



१७

धरती रोयो, आकाश रोयो, कोटी जनता रोयो
महेन्द्र तिम्रो निधन सुनेर बच्चा बच्चा रोयो

देख्नेको मुटु पोल्यो
सुन्नेको मुटु पोल्यो

गहको आंशु वर वर झारी सारा जनता रोयो
कवि राजाको निधन सुनेर बच्चा बच्चा रोयो

डाँफे रोयो कस्तुरी रोयो
थुम प्रगन्ना रोयो
हाम्रो धरती पाखा पर्त
गाऊं पर्वत रोयो

सबमा स्नेह गर्थ्यौ महेन्द्र तिम्रो चोखो ममता रोयो
आत्मामा अब शान्ति मिलोस भनी धरती आकाश रोयो

बाहुन रोयो छेत्री रोयो
नेवार रोयो अनि गुरुङ्ग रोयो
तामाङ्ग रोयो थारू रोयो
राई किराती रोयो

सबमा स्नेह गर्थौं महेन्द्र तिम्रो चोखो ममता रोयो
कबिराजाको निधन सुनेर बच्चा बच्चा रोयो ।

हाम्रो पाखुरी हाम्रो पौरख हिंड्ने पाउ छैनन्
हाम्रो शान र गौरब छैनन् हाम्रो किर्ति आशा छैनन्
हाम्रो संस्कृति धर्मको खम्बा हाम्रो विश्वास छैनन्
अब उनि फेरी बोल्दैनन् ॥ अब राजा ॥
हाम्रो गतिको पहिलो पाउ हाम्रो ज्योती छैनन्
हाम्रो देशको सिद्धी र वृद्धि राजा महेन्द्र छैनन्
कोटी जनमा ममता छर्ने ज्ञानि महेन्द्र छैनन्
हाम्रो युगका ध्रुबतारा अब त्यागी महेन्द्र छैनन
वाणी पुत्रका कलमका टुप्पा कवि राजा अब छैनन्
पञ्चायतका मूल प्रवर्तक राजा महेन्द्र छैनन्
म मरे पनि नेपाल बाँचोस भन्ने महेन्द्र छैनन
यो माटोको माया गर्ने विर महेन्द्र छैनन् ॥अब राजा ॥

१८

अब पिर नगर नेपाली
अब पीर नगर नेपाली
राम र कृष्ण बुद्धले छाड़े माया ममता फाली
दैवको इच्छा यस्तै रै छ अब पिर नगर नेपाली
उनकै वंशज बीर बीरेन्द्र उस्तै पौरखशाली
यो राजालाइ काध लिएर देश उठाउं नेपाली



मुद्रकः— आनन्द प्रेस, डिल्लीबजार, काठमाडौं।